नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं.: ९६

मितिः- २०७६/०४/१६

विषयः- *अन्तर्राष्ट्रिय युवा दिवस-२०१९ मनाउने सम्वन्धमा ।*

श्री स्थानीय तह, सवै ।
(महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरु सवै)

प्रस्तुत विषयमा युवा तथा खेलकुद मन्त्रालयको च.नं. ३१ मिति २०७६/०४/०९ को पत्रवाट आगामी अगष्त १२, २०१९ (तदनुसार २०७६ श्रावण २७ गते) २० औं अन्तर्राष्ट्रिय युवा दिवस देशभर भव्यताका साथ सम्पन्न गर्नका लागि यस मन्त्रालय मार्फत सवै स्थानीय तहहरुलाई आवश्यक निर्देशनका लागि अनुरोध गरिदिन भनि लेखि आएको हुँदा उक्त दिन अन्तर्राष्ट्रिय युवा दिवस भव्यताका साथ सम्पन्न गर्नुहुन (मनाउन) निर्देशानुसार अनुरोध छ । साथै युवा तथा खेलकुद मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा वसेको वैठकको निर्णय प्रति समेत यसैसाथ संलग्न छ ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

***वोधार्थः***

श्री युवा तथा खेलकुद मन्त्रालय
युवा, उद्यमशील तथा लगानी शाखा, सिंहदरवार ।

श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

Date : ..................
Page: ..................

## निर्णयहरु

१ माननीय युवा तथा खेलकुद मन्त्रीज्यूको अध्यक्षतामा बसेको सरोकारवाला सहितको बैठकमा समुपस्थित सम्पूर्ण पदाधिकारी, कर्मचारी तथा विभिन्न संघ संस्थाका प्रतिनिधि सदस्य रहने गरी नेपालमा यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवश मनाउन २०१ सदस्यीय मूल आयोजक समिति गठन गरियो ।

२ अन्तर्राष्ट्रिय युवा दिवसको नारालाई आधार बनाएर राष्ट्रिय नारा प्रस्ताव गरि राष्ट्रिय युवा परिषदको इमेल ठेगानामा मिति २०७६ श्रावण ५ गते कार्यालय समय भित्र पठाउने ।सुझाव समेतलाई समेटि नारालाई अन्तिम रुप दिने कार्य अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समितिको सचिवालयले गर्ने निर्णय गरियो।

३ राष्ट्रिय युवा परिषदको कार्यकारी उपाध्यक्षको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सहसचिव श्री विनोदबहादुर कुँवर, युवा तथा खेलकुद मन्त्रालयका युवा विकास महाशाखाका सहसचिव, युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी निर्देशक, राष्ट्रिय खेलकुद परिषदका प्रशासन प्रमुख, नेपाल स्काउट प्रधान कार्यालयका कार्यालय प्रमुख,राष्ट्रिय युवा परिषदको कार्यकारी समितिका सदस्यहरु,प्रशासकीय प्रमुख- राष्ट्रिय युवा परिषदसदस्य सचिव र अन्य ६ जना विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व हुने गरी जम्मा १७ सदस्यीय अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समितिको सचिवालयको गठन गरियो । साथै ६ जना विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व हुने सदस्यहरुको चयन सचिवालयले नै गर्ने गरी जिम्मेवारी दिइयो ।

४ अन्तर्राष्ट्रिय युवा दिवस भूल समारोह समितिको सचिवालयको रुपमा राष्ट्रिय युवा परिषद नै रहने निर्णय गरियो ।

५ अन्तर्राष्ट्रिय युवा दिवस देशभर भव्यताका साथ सम्पन्न गर्न राष्ट्रिय युवा परिषद मार्फत जिल्ला युवा समितिलाई निर्देशन दिने साथै प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय मार्फत प्रदेश सामाजिक विकास मन्त्रालयलाई एवम् संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

६ युवासँग सकोकार राख्ने सरकारी, सहकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी, निजी, राजनैतिक तथा सामाजिक युवा संघ संगठनहरु सहित अन्य सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्न सचिवालयलाई जिम्मेवारी प्रदान गरियो ।